# मालारानी गाउँ कार्यपालिका कार्यालय खनदह, अर्घाखाँची

# कोरोना सम्बन्धी कार्यहरू

कोभिड-१९ विशेष प्रथम द्विमासिक बुलेटिन | २०७६ चैत्र र २०७७ वैशाख




## अध्यक्षको अपिल

- बालकृष्ण शर्मा आचार्य

हालसम्म संसारभरका २१३ मुलुकमा कोरोना भाइरसले मानव जीवनलाई तहस नहस पारेको छ । हाम्रो देशमा पनि यस भाइरसको संक्रमणको दर उच्च रहेकोले जतिखेरसुकै जे पनि हुन सक्ने अवस्था देखिन्छ । कोरोना भाइरसको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनका लागि यस पालिकाबाट चालिएका कदम र लिइएका नीतिहरू अन्य पालिका र माथिल्लो तहका सरकारबाट भएका निर्देशनभन्दा अग्रगामी रहेका छन् ।

कोरोना व्यवस्थापन कोष खडा गर्ने, औषधीजन्य सामग्रीहरू संकलन र वितरण गर्ने, राहत वितरण गर्ने, स्वास्थ्यकर्मीलाई प्रोत्साहित गर्ने, भारतबाट आउँदै गरेका नागरिकलाई सिमा क्षेत्रमै पुगेर क्वारेन्टाइनमा राख्ने र सुरक्षित तरिकाले ल्याएर व्यवस्थित रुपमा क्वारेन्टाइनमा राख्ने र क्षमता विकासका विविध कार्यक्रमहरु सञ्चालन गर्नेलगायतका क्रियाकलापहरू नमूनाका रुपमा गरिएका कार्यहरू हुन् । आगामी दिनमा पनि यसैगरि गरिने गतिविधिहरूका लागि हिजोका दिनमा आ-आफ्नो स्थानबाट जे जसरी सहयोग र सद्भाव राखुभयो त्यसै गरि अझ बढि सहयोगका लागि सम्बन्धित् सबैमा हार्दिक अपिल गर्दछु ।



## उपाध्यक्षको उत्साह

- प्रमिला क्षेत्री

देशैभरि भ्याउँदै आयो पापी कोरोनाले
काँ गएर बाँचौ हामी कस्को शरनले
जाँ गए नि मानिस रुन्छन् अलपत्र परि
अरु गर्ने उपाय छैन भन्नु पर्छ सरि
पाल्न त पाल्छम् हाम्ले बेसहारालाई जत्ति
अरु कुरा लागु हुन सक्निछैन कत्ति
हामीहरू गर्छम् काम जनतालाई सारा
कोही छैनन् हेला हाम्रो, कोही छैनन् प्यारा
जति पनि काम गर्छम् जनताकै काममा
कहिले दुःख मान्ने छैनम् हाम्ले गर्ने काममा
झोला भिरी हिडेका छम् यिनै जनता पाल्न
जता जता चोली फाट्छ उतै उतै टाल्न
विश्वभरी विष छर्दै दुष्ट रोग आयो
विकासका काम गर्न प्रतिबन्ध लायो
जताजतै भन्दै जाऔं हरि, यो कोरोना भगाउँने कसरी
छिन् छिन् मै हात धुनु आफु सफा रहनु
यो रोगले छुन्न मलाई भनि अठोट लिनु
सुन्नुहोला नेपाली दाजुभाई, भुल्दै जानु विदेशी बाटोलाई
नेपालमा बाँझो खनौं आफ्नै देशमा बसम्
अब हामीहरू कसैको देशमा नपसम्
सद् बुद्धि आईरहोस् सबैमा, सँगै बसम् नेपाली भूमिमा

# प्रकाशकीय

कुनै पनि प्रकोप वा विपत्ति बाजा बजाएर आउदैन भन्ने हामी सबैको मान्यता रहिआएको छ । विपद्का घटनाहरूलाई न्यूनिकरण गर्दै रोकथाम, उद्दार, उपचार र व्यवस्थापन गर्नु हामी सबैको परम कर्तव्य रहेको छ । नोवेल कोरोना भाइरसको संक्रमणले ठूलो ठूलो स्वरमा बाजा बजाउँदै सन्त्रासको सन्देश दिइरहेको छ । यसको रोकथाम र न्यूनिकरणका लागि जनप्रतिनिधि र कर्मचारी बिचको आपसी समन्वय र सहकार्यबाट आधारभूत विषयको पहिचान गरिएको छ ।

यहाँको स्थानीय आवश्यकता, प्रदेश र नेपाल सरकारको निर्देशन आदिलाई प्रक्रियागत आधार बिन्दूका रुपमा अंगिकार गरिएको छ । यिनै कार्यहरुको फेहरिस्त सबैसामु राख्नु हाम्रो दायित्व र कानुनी प्रक्रिया पनि भएकोले यो द्विमासिक बुलेटिन प्रकाशन गरिएको छ ।

कोभिड-१९ सम्बन्धी जुनसुकै कार्यहरूमा प्रत्यक्ष परोक्ष रुपमा उत्प्रेरित गर्दै सघाउने सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, जिल्लास्तरीय विभिन्न संयन्त्र, कर्मचारी मित्रहरू, विभिन्न संघ संस्था, समाजसेवी, आम नागरिकलगायत यो वुलेटिनको आकर्षक डिजाईनको जिम्मेबारी पुरा पुर्ने रोजगार संयोजक महेश भुसाल र सूचना अधिकृत सुजन ज्ञवालीमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सुधारका विषयहरू उल्लेख गरिदिनु हुन समेत आग्रह गर्दछौं ।



## स्वास्थ्य शाखा प्रमुखको अनुरोध

- भविश्वर खनाल

विश्वलाई नै चुनौती दिदैं त्रासदीपूर्ण रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) संक्रमणको कारण विश्व नै आक्रान्त बनेको छ । विश्वका धेरै देशहरूमा यस रोगबाट धेरै मानिसहरूको मृत्यु भइसकेको छ र लाखौं मानिसहरु संक्रमितको अवस्थामा छन् । हालसम्म यस रोगको उपचार गर्न औषधी एवम् अन्य उपायहरु पत्ता लगाउन कुनै पनि मुलुक सफल हुन सकेका छैनन् । विश्वभरका अधिकांश मुलुकलगायत छिमेकी राष्ट्र भारतका साथै हाम्रो देश नेपाल पनि यस रोगको संक्रमणबाट जोगिन नसकेको कुरा सर्वबिदितै छ ।

संक्रमित व्यक्तिले खोक्दा, हाच्छ्यूँ गर्दा, खकार निकाल्दा शरीरबाट निस्कने तरल थोपाजन्य (Droplet) पदार्थबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा यो रोगको भाइरस सर्ने भएकोले रोग सर्ने माध्यमबाट टाढा रहन र रोक्नको लागि संघीय, प्रदेश एवम् मालारानी गाउँपालिकाबाट निर्देशित र जारी गरिएका चेतनामूलक सन्देशहरू पूर्ण रुपमा पालना गरि सामाजिक दुरी कायम गर्दै दैनिक घरायसी कामकाज र कृषिजन्य क्रियाकलापहरू अगाडि बढाउनुका साथै बाहिरि स्थानबाट आएकाहरूलाई उपयुक्त क्वारेन्टाइनमा बस्ने व्यवस्था मिलाउन, सम्भावित स्वास्थ्य समस्या भएमा यथाशीघ्र नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्न र जनचेतना फैलाई आम नागरिकहरूको स्वास्थ्य रक्षा गर्नका लागि सम्पूर्ण जनसमुदायहरूमा हार्दिक अनुरोध गर्दछु ।

## कोरोना महामारी कोषको आय सम्बन्धी विवरण

(२०७६।१२।१९ देखि २०७७।०१।३० सम्म)

| सि. नं. | सहयोगी दाताहरूको विवरण | रकम |
|---|---|---|
| १ | गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरूको ५ दिन बराबरको तलब | ३,९८,१२०।१७ |
| २ | नारायण प्रसाद अर्याल, ६ नं. वडा अध्यक्ष | २५,०००।- |
| ३ | बालकृष्ण शर्मा (आचार्य), गा.पा. अध्यक्ष | ३०,०००।- |
| ४ | देउराली यातायात व्यवसायी समिति, अ.खाँ. | १,०१,०००।- |
| ५ | भोजराज पोखेल, मालारानी - ४ | ५,०००।- |
| ६ | प्यावसन अर्घाखाँची | १७,०००।- |
| ७ | हंसपुर जनचेतना कृषि सहकारी संस्था लि. | ६,१००।- |
| ८ | नेपाल रेडक्रस सोसाइटी उपशाखा हंसपुर | १०,१००।- |
| ९ | सामुदायिक वन उ. समूह संजाल मालारानी | १०,०००।- |
| १० | जनकल्याण साना किसान कृषि सहकारी, मालारानी ४ र ५ | २५,०००।- |
| ११ | फुलबारी साना किसान कृषि सहकारी | २०,१०५।- |
| १२ | विरेन्द्र शिक्षा क्याम्पस, मालारानी - २ | १५,०००।- |
| १३ | पूर्व मन्त्री, रेवती प्रसाद भुसाल | १०,०००।- |
| १४ | नेपाली कांग्रेस, अर्घाखाँची | ११,१११।- |
| १५ | नयाँ नेपाल निर्माण सेवा, मालारानी - ४ | २५,०००।- |
| १६ | पौडेल कन्सट्रक्सन, सन्धिखर्क न.पा. - १ | २५,०००।- |
| १७ | प्रदेश सरकार, प्रदेश नं. ५, बुटवल | १०,००,०००।- |
| १८ | प्रमिला क्षेत्री, गाउँपालिका उपाध्यक्ष | २७,०००।- |
| १९ | मैत्री बहुउद्धेशीय सहकारी संस्था लि, गुल्मी | १०,०००।- |
| २० | पिताम्बर पोखेल (शिक्षक), मालरानी - ३ | ५,०००।- |
| २१ | अन्नपूर्ण कृषक सहकारी संस्था लि., हंसपुर | ११,०००।- |
| २२ | चौतारी लघुवित्त वित्तीय संस्था, खनदह | १०,०००।- |
| | **जम्मा** | १७,९६,५३६।१७ |

## महामारी कोषको व्यय सम्बन्धी विवरण

(२०७७।०१।३१ सम्म)

| सि.नं. | खर्च विविरण | खर्च रकम |
|---|---|---|
| १ | वडा नं. ३ र ५ मा जनचेतना सम्बन्धी प्रचार प्रसार कार्यक्रम | ३८,२८१।- |
| २ | वडा नं. ३,५ र ६ मा राहत सामग्री र मास्क वितरण | ४,२६,८८१।६६ |
| ३ | खाद्यान्न सामग्री खरिद | ६,६७,२३०।- |
| ४ | सुनौली नाकाबाट ल्याएका व्यक्तिहरुको व्यवस्थापन कार्य | १,१४,७०५।- |
| ५ | स्वास्थ्य सामग्री र व्यवस्थापन | २,८१,८५४।४५ |
| ६ | स्वास्थ्यकर्मीहरूको सहयोग | १,४०,१०५।- |
| | **जम्मा** | १६,६९,०५७।११ |

गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट कोरोना भाइरस रोकथाम गर्ने क्रियाकलापका लागि जिल्ला अस्पताल अर्घाखाँचीलाई मिति २०७६।१२।१३ गते रु. २,५०,०००।- मात्र प्रदान गरिएको ।

## आदर्श मा.वि. खनदहको क्वारेन्टाइनमा सञ्चालित विभिन्न कार्यक्रमहरू

| कार्यक्रमहरु | मिति | सहजकर्ता |
|---|---|---|
| सरसफाई सम्बन्धी | ०१।१७ | प्राग र स्वा. शाखा |
| कानुनी साक्षरता सम्बन्धी | ०१।१८ | कानुनी स. केन्द्र |
| आयुर्वेद, योगा र बैदेशिक रोजगार सम्बन्धी | ०१।१९ | जिल्ला आयुर्वेद का. र रोजगार सेवा केन्द्र |
| कृषि सेवा र योजना सञ्चालन सम्बन्धी | ०१।२० | कृषि सेवा र योजना शाखा |
| खोज उद्धार सम्बन्धी | ०१।२१ | जिल्ला रेडक्रस सो. |

## पालिका क्षेत्रमा निर्माण गरिएका क्वारेन्टाइनहरू

| वडा नं. | स्थापना मिति | बेड संख्या | स्थल |
|---|---|---|---|
| १ | २०७६।१२।१२ | ८ | सिद्ध ने.रा. मा.वि. |
| २ | २०७६।१२।१२ र ०७६।१२।१३ | २० | सरस्वती माता र विरेन्द्र मा.वि. |
| ३ | २०७६।१२।१२ र ०७७।०१।१३ | ९५ | आदर्श मा.वि. |
| ४ | २०७६।१२।१२ र ०७६।१२।१३ | १० | कालिका ने.रा. मा.वि. |
| ५ | २०७६।१२।१३ | १८ | सिद्ध र शान्ति मा.वि. तथा सुन्दर आ.वि. |
| ६ | २०७६।१२।१३ | ८ | सिद्धार्थ मा.वि. |
| ७ | २०७६।१२।१३ | १२ | जनता आ.वि. र बैद्यनाथ मा.वि. |
| ८ | २०७६।१२।१३ | ५ | बालशिक्षा आ.वि. |
| ९ | २०७६।१२।१३ | ८ | सूर्य मा.वि. |
| जम्मा | | १८४ | १३ |

## भारत तथा तेस्रो मुलुकबाट आएका व्यक्तिहरू

| वडा नं. | भारत | तेस्रो मुलुक |
|---|---|---|
| १ | १८ | १ दुवई, २ द. कोरिया |
| २ | ३५ | १ कतार |
| ३ | ८६ | - |
| ४ | १३१ | १ दुवई |
| ५ | २९ | ४ दुवई |
| ६ | ६ | - |
| ७ | १७ | २ कुवेत |
| ८ | १६ | १ दुवई |
| ९ | २२ | १ कतार |
| जम्मा | ३६० | १३ |

## स्वास्थ्य संस्थाहरूबाट भएको ARI चेकजाँच

| महिना | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| चैत्र | २०९ | १६३ | ३७२ |
| बैशाख | २५१ | १४३ | ३९४ |
| जम्मा | ४६० | ३०६ | ७६६ |

## क्वारेन्टाइन स्थलमा भएको चेकजाँच

| सि.नं. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ८ | ७७ | ८५ |

## क्वारेन्टाइनमा RDT र PCR चेकजाँचको विवरण

| सि.नं. | स्थल | RDT | PCR | नतिजा | जाँच गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आदर्श मा.वि., खनदह | ५ | ० | नेगेटिभ | २०७७।०१।०६ | १ जना सन्धिखर्कका |
| २ | सरस्वती माता मा.वि. | ७ | ० | नेगेटिभ | २०७७।०१।०९ | १ जना छत्रदेवका |
| ३ | आदर्श मा.वि., खनदह | ३२ | ० | नेगेटिभ | २०७७।०१।२२ | |
| ४ | आदर्श मा.वि., खनदह | ० | ९२ | नेगेटिभ | २०७७।०१।२९ | १।२७ मा स्वाब संकलन |
| ४ | आदर्श मा.वि., खनदह | ० | १ | नेगेटिभ | २०७७।०१।३१ | १।२८ मा स्वाब संकलन |
| जम्मा संख्या | | ४४ | ९३ | १ जना विरामी परि काठमाडौं गएका र निजको पनि नेगेटिभ रिपोर्ट | | |

## दैनिक ज्यालादारी गर्ने मजदुरलाई प्रदान गरिएको राहत सामग्रीको विवरण

| वडा नं. | परिवार संख्या | वितरण गरिएको राहत सामग्री | जम्मा राहत सामग्री | वितरण मिति |
|---|---|---|---|---|
| १ | ६६ | ३० के.जी. चामल, तेल १ लि, दाल र नुन १/१ के.जी. र साबुन १ ओटा | १९८० के.जी. चामल, तेल ६६ लि, दाल ६६ के.जी., नुन ६६ के.जी. र साबुन ६६ ओटा | २०७७।०१।१३ |
| २ | १६७ | २५ के.जी. चामल, तेल २ लि, दाल र नुन १/१ के.जी. र साबुन १ ओटा | ४१७५ के.जी. चामल, तेल ३३४ लि, दाल १६७ के.जी, नुन १६७ के.जी. र साबुन १६७ ओटा | २०७७।०१।१३ |
| ३ | ६६ | ३० के.जी. चामल, तेल १ लि, दाल र नुन १/१ के.जी. र साबुन १ ओटा | १९८० के.जी. चामल, तेल ६६ लि, दाल ६६ के.जी., नुन ६६ के.जी. र साबुन ६६ ओटा | २०७६।१२।२८ |
| ४ | २३२ | ३० के.जी. चामल, तेल १ लि, दाल र नुन १/१ के.जी. र साबुन १ ओटा | ६९६० के.जी. चामल, तेल २३२ लि, दाल २३२ के.जी., नुन २३२ के.जी. र साबुन २३२ ओटा | २०७७।०१।०८ र ०७७।१।०९ |
| ५ | १३८ | ३० के.जी. चामल, तेल १ लि, दाल र नुन १/१ के.जी. र साबुन १ ओटा | ४१४० के.जी. चामल, तेल १३८ लि, दाल १३८ के.जी., नुन १३८ के.जी. र साबुन १३८ ओटा | २०७७।०१।१३ |
| ६ | ४५ | २० के.जी. चामल | ९०० के.जी. चामल | २०७६।१२।२५ र ०७६।१२।२६ |
| ७ | ६४ | २ सदस्यीय परिवारको लागि २० के.जी. चामल, तेल १ लि., दाल र नुन १/१ के.जी. र साबुन १ ओटा (२० परिवारलाई) र २ भन्दा बढी सदस्यीय परिवारको लागि ३० के.जी. चामल, तेल १ लि., दाल र नुन १/१ के.जी. र साबुन १ ओटा(४४ परिवारलाई) | १७२० के.जी. चामल, तेल ६४ लि, दाल ६४ के.जी., नुन ६४ के.जी. र साबुन ६४ ओटा | २०७६।१२।२७ |
| ८ | ३१ | ३० के.जी. चामल, तेल १ लि, दाल र नुन १/१ के.जी. र साबुन १ ओटा | ९३० के.जी. चामल, तेल ३१ लि, दाल ३१ के.जी., नुन ३१ के.जी. र साबुन ३१ ओटा | २०७७।०१।१४ |
| ९ | ३६ | २५ के.जी. चामल, तेल १ लि, दाल र नुन १/१ के.जी. र साबुन १ ओटा | ९०० के.जी. चामल, तेल ३६ लि, दाल ३६ के.जी., नुन ३६ के.जी. र साबुन ३६ ओटा | २०७७।०१।१९ |
| **जम्मा** | **८४५** | **चामल २३,६८५ के.जी., तेल ८०० लि., दाल ८०० के.जी., नुन ८०० के.जी. र साबुन ८०० ओटा** | | |

**"आफ्नो घर र छरछिमेकमा अन्यन्त्रबाट आएका जो सुकै व्यक्ति भए तापनि वडा वा पालिका वा प्रहरीमा खबर गरी नजिकको क्वारेन्टाइनमा राख्न सहयोग गरौं ।"**

## कोरोना भाइरस रोकथाम सम्बन्धी औषधीजन्य सामग्रीको विवरण

| क्र.स. | सामग्री | इकाई | परिमाण | खर्च | मौज्दात |
|---|---|---|---|---|---|
| १ | PPE | set | ५१ | २४ | २७ |
| २ | Sanitazer 500ml | bottele | ३६ | ३० | ६ |
| ३ | spray 2 letter | set | १ | १ | ० |
| ४ | loose gloves | pac | २८०० | २५९७ | २०३ |
| ५ | medical mask | pic | २४५० | २०३८ | ४१२ |
| ६ | theromter ditigal | pic | २० | १६ | ४ |
| ७ | Sanitazer 50ml | pic | ७५ | ६२ | १३ |
| ८ | Hospidex odh 500ml | pic | १ | १ | ० |
| ९ | inoclien | pac | १० | ४ | ६ |
| १० | spray large | set | ३ | ३ | ० |
| ११ | sanitizer 250ml | bottal | १० | १० | ० |
| १२ | sanitizer 1000ml | bottal | १ | - | १ |
| १३ | thermal gan | pic | ३ | ३ | ० |
| १४ | sanitizer 100 ml | pic | २५ | १५ | १० |

## आदर्श मा.वि. खनदह क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन समिति र त्यहाँ खटिएका जनशक्तिहरू

सुनौली नाकाबाट ल्याइएका व्यक्तिहरूलाई आवश्यक चेकजाँच गर्ने न्यूनतम अवधिसम्म राख्नका लागि निर्मित विशेष क्वारेन्टाइनको सञ्चालन तथा व्यवस्थापन कार्यमा देहायको समिति र जनशक्ति अहोरात्र खटिएकोमा सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

| क्र.स. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | शोभाखर खनाल | वडा नं.३ अध्यक्ष | संयोजक |
| २ | नेत्र प्रसाद खनाल | कार्यक्रम अधिकृत | सदस्य |
| ३ | दिपा पोखरेल | कार्यपालिका स. | सदस्य |
| ४ | शोभाखर खनाल | वडा सदस्य | सदस्य |
| ५ | विर बहादुर के.सी. | वडा नं.३, ने.क.पा | सदस्य |
| ६ | लिलामणि पोखेल | वडा नं.३, ने.का. | सदस्य |

| क्र.स. | विविरण | संख्या |
|---|---|---|
| १ | व्यवस्थापन समिति | ६ जना |
| २ | स्वास्थ्यकर्मीहरू | ११ जना |
| ३ | नेपाली सेना | १३ जना |
| ४ | नेपाल प्रहरी | ६ जना |
| ५ | स्वयम् सेवक | १० जना |
| जम्मा | | ४६ जना |

**"कोरोना भाईरस संक्रमणको सन्त्रासबाट बच्नका लागि अपनाइएका उपायहरूको पालना सबैले गर्ने गरौं।"**

## कोरोना भाइरस नियन्त्रण सम्बन्धी भए, गरेका मूख्य गतिविधि एवम् क्रियाकलापहरू

| सि.नं | गतिविधि / क्रियाकलापहरू | मिति |
|---|---|---|
| ०१ | गा.पा. अध्यक्षको संयोजकत्वमा गाउँपालिकास्तरीय २५ सदस्यीय समन्वय समिति गठन र परिचालन तथा वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय ११ सदस्यीय समन्वय समिति गठन । | २०७६।१२।०२ |
| ०२ | कोभिड १९ सम्बन्धमा केन्द्र, प्रदेश र जिल्लाबाट भएका आदेश र निर्देशनको पालना गर्न, गराउन अनुरोध तथा समन्वय र सम्पर्क गर्न आरम्भ गरिएको । | २०७६।१२।०३ |
| ०३ | पालिकास्तरीय कर्मचारीहरूको मासिक बैठकमा कोरोना भाइरसको रोकथाम र नियन्त्रणका कार्यमा आवश्यक तयारीमा रहनका लागि जानकारी गराइएको । | २०७६।१२।०४ |
| ०४ | क) पालिकाभरका सबै सुरक्षाकर्मीहरूलाई यस सम्बन्धमा आवश्यक तयारी र सजगताका बारेमा अन्तरक्रियात्मक प्रशिक्षण प्रदान र विभिन्न सञ्चार माध्यमहरूमा सूचनाहरू प्रसारण तथा प्रकाशन ।<br>ख) रेडियो मालारानीको अन्तरसम्वाद कार्यक्रममा तयारीको अवस्था बारेमा जानकारी गराइएको । | २०७६।१२।०७ |
| ०५ | गाउँ कार्यपालिकाको नियमित ४९ औं बैठक (कोरोना विशेष) बाट विभिन्न महत्त्वपूर्ण निर्णयहरू देहाय बमोजिम गरिएको ।<br>क) यसको संक्रमणबाट जोगिने सचेताका लागि प्रत्येक वार्ड, टोलमा माइकिङ्ग गर्ने र सचेतना सम्बन्धी पर्चा, पम्प्लेटहरू सबै वडा र टोलहरूमा वितरण गर्ने ।<br>ख) वडाका तर्फबाट माक्स वितरण र साबुन पानीले राम्ररी हात धुन अनुरोध गर्ने ।<br>ग) मदिराजन्य पदार्थ, मासुजन्य खाना र सूर्तिजन्य पदार्थ सेवन नगर्न अनुरोध गर्ने ।<br>घ) विदेशबाट आएका व्यक्तिहरूलाई आफ्नै घरमा  मात्र बस्नका लागि अनुरोध गर्ने ।<br>ङ) प्रत्येक वडाका सार्वजनिक स्थलमा साबुनपानी वा स्यानेटराइजको प्रयोग गरी हात धुने । | २०७६।१२।०९ |
| ०६ | क) सबै वडामा विदेशबाट आएका व्यक्तिहरूको विवरण संकलन गर्न थालिएको ।<br>ख) अत्यावश्यक सेवाबाहेक कार्यालयबाट प्रवाह गरिने सेवाहरू बन्द गरिएको र कोरोना सम्बन्धी कार्यसम्पादन गर्न निश्चित कर्मचारीलाई जिम्मेवारी तोकिएको ।<br>ग) उपभोक्ता हीत संरक्षणका लागि बजार अनुगमन गरिएको ।<br>घ) अति जरुरी कामबाहेक सर्वसाधारणलाई घरबाहिर ननिस्कन अनुरोध गरिएको । | २०७६।१२।१० |
| ०७ | क) स्वास्थ्य संस्थाका प्रमूखहरूलाई गा.पा. अध्यक्ष, उपाध्यक्षबाट आवश्यक नीति, निर्देशन, सहयोग र कार्यालयबाट जरुरी सामग्री तथा प्रोत्साहन प्रदान गरिएको । | २०७६।१२।११ |
| ०८ | क) स्वास्थ्य सम्बन्धी आवश्यक सामग्रीहरूको विभिन्न स्थानबाट खरिद, संकलन र वितरण गरिएको ।<br>ख) प्रत्येक वार्डहरूमा सामुहिक क्वारेन्टाइन निर्माण गर्न आरम्भ गरिएको ।<br>ग) हंसपुर स्वास्थ्य चौकी र लुम्विनी फाउण्डेशन, खनदहको एम्बुलेन्स चालकलाई व्यक्तिगत सुरक्षा कवज (पीपीई सेट) वितरण गरिएको । | २०७६।१२।१२ |
| ०९ | कोरोना रोकथाम र नियन्त्रणमा थप सहयोग र व्यवस्थापनको लागि जिल्ला अस्पताल, अर्घाखाँचीलाई रु. २,५०,०००। (दुई लाख पचास हजार मात्र) प्रदान गरिएको । | २०७६।१२।१३ |
| १० | क) विपद् व्यवस्थापन समितिको बैठकबाट कोरोना महामारी नियन्त्रण तथा व्यवस्थापन कोष खडा गरी सो को सञ्चालन मापदण्ड तयार पार्ने निर्णय भएको ।<br>ख) विभिन्न क्षेत्रका महानुभावहरूलाई यस कोषमा रकम संकलन गर्नका लागि सार्वजनिक अपिल । | २०७६।१२।१४ |

| | | |
|---|---|---|
| ११ | गाउँकार्यपालिका र कर्मचारीहरूको कोरोना विशेष बैठक बसी जनप्रतिनिधिहरूले १ महिना बरावरको सम्पूर्ण सेवा सुविधा र सम्प्रर्ण कर्मचारीहरूले ५ दिन बरावरको तलव कोरोना महामारी नियन्त्रण तथा व्यवस्थापन कोषमा जम्मा गरिएको । | २०७६।१२।१७ |
| १२ | क) यस गाउँपालिकाबाट बुटवलको क्वारेन्टाइनमा रहेका २ जना व्यक्तिहरूको कोरोना भाइरसको संक्रमण परीक्षण प्रतिवेदन (नेगेटिभ, संक्रमण नभएको) आएको जानकारी प्राप्त ।<br>ख) भारतबाट नेपालमा आउँदा सीमा क्षेत्र (सुनौली नाका) मा अलपत्र परेका यस पालिकाका नागरिकहरूको सहज व्यवस्थापनका लागि गा.पा.अध्यक्ष जानु भएको । | २०७६।१२।१८ |
| १३ | क) वडा सचिव तथा स्वास्थ्य इन्चार्जहरूलाई हालसम्म भएका निर्देशनात्मक परिपत्रहरूको कार्यान्वयनका लागि एकमुष्ठ पत्र तयार पारी जानकारी गराइएको ।<br>ख) जिल्ला प्रवेष गर्ने स्थान डोहोटेमा सञ्चालन गरिएको हेल्थ डेस्कमा जिल्ला प्रशासनको अनुरोधमा २ जना स्वास्थ्यकर्मी २ दिनका लागि खटाइएको । | २०७६।१२।१९ |
| १४ | क) गाउँपालिकाका कार्यालय भवनहरू वरपर तथा खनदह बजार क्षेत्रमा किटनाशक औषधी छरिएको ।<br>ख) कालिका ने.रा.मावि खनको क्वारेन्टाइनमा भारतबाट आएका २ जनालाई राखिएको । | २०७६।१२।२१ |
| १५ | क) राहत वितरण सम्बन्धी मापदण्ड र फारमहरू सबै वडा तहमा पठाइएको ।<br>ख) किटनाशक औषधी छर्ने कामलाई सबै वडाहरूमा व्यवस्था मिलाइएको । | २०७६।१२।२२ |
| १६ | क) मूख्यमन्त्री ग्रामीण विकास कार्यक्रम र कोरोना व्यवस्थापन कोषको बैठक बसेर राहत वितरण सम्बन्धमा आवश्यक निर्णयहरू गरिएको ।<br>ख) आदर्श मावि खनदहको क्वारेन्टाइनमा भारतबाट आएका २ जनालाई राखिएको । | २०७६।१२।२३ |
| १७ | क) विभिन्न स्थानबाट प्राप्त सामग्रीहरूको वितरणको व्यवस्था मिलाइएको ।<br>ख) सरस्वतीमाता मावि डाँडाकटेरीको क्वारेन्टाइनमा विभिन्न स्थानबाट आएका २ जनालाई राखिएको । | २०७६।१२।२४ |
| १८ | क) जिल्ला प्रवेष गर्ने स्थान डोहोटेमा सञ्चालन गरिएको हेल्थ डेस्कमा जिल्ला प्रशासनको अनुरोधमा १ जना स्वास्थ्यकर्मी १ हप्ताका लागि खटाइएको ।<br>ख) सरस्वतीमाता मावि डाँडाकटेरीको क्वारेन्टाइनमा विभिन्न स्थानबाट आएका ४ जनालाई राखिएको | २०७६।१२।२५ |
| १९ | लकडाउनलाई थप व्यवस्थित गर्न इलाका प्रहरी कार्यालय खनले प्रयोग गरी फिर्ता गर्ने गरी १ थान मोटरसाइकल हस्तान्तरण गरिएको । | २०७६।१२।२६ |
| २० | क) वडा नं. २ को क्वारेन्टाइन स्थलमा बसेका व्यक्तिहरू तथा मरेङ् स्वास्थ्य चौकीमा सञ्चालित हेल्प डेस्कको अवलोकन गरिएको । | २०७६।१२।२७ |
| २१ | क) वडा नं. ६, ८ र ९ को क्वारेन्टाइन स्थलहरू तथा हंपसुर र गोखुङ्गा स्वास्थ्य चौकीमा सञ्चालित हेल्प डेस्कको अवलोकन गरिएको । | २०७६।१२।२८ |
| २२ | गाउँ कार्यपालिका बैठक बसी कोभिड १९ सम्बन्धी हालसम्मका गतिविधिहरूको समिक्षा गर्दै आगामी दिनमा गरिने कार्यका बारेमा विभिन्न निर्णयहरू गरिएको । | २०७७।०१।०२ |
| २३ | बामरुक सामुदायिक स्वास्थ्य केन्द्र र बाँगी स्वास्थ्य चौकीमा सञ्चालित कोरोना विशेष सहायता कक्षको अवलोकन तथा स्वास्थ्यजन्य सामग्रीहरू प्रदान गरिएको । | २०७७।०१।०४ |
| २४ | काठमाडौबाट आफ्नै पहलमा आएका ६४ जना व्यक्तिहरू होम क्वारेन्टाइनमा बसेका । | २०७७।०१।१० |
| २५ | गापा अध्यक्षको नेतृत्वमा सुनौलीबाट छत्रदेवको १सहित २५ जनालाई ल्याई आदर्श मावि खनदहको क्वारेन्टाइनमा २४ जना राखिएको र १ जनालाई छत्रदेवमै हस्तान्तरण गरिएको । | २०७७।०१।१३ |
| २६ | अध्यक्षकै नेतृत्वमा सुनौलीबाट थप ७० जनालाई ल्याई आदर्श मावि खनदहको क्वारेन्टाइनमा राखिएको | २०७७।०१।१४ |

**"गाउँपालिकाले जारी गरेका कोभिड-१९ सम्बन्धी सम्पूर्ण जानकारीहरूको पालना गरौं ।"**

**"कुनै पनि सामुहिक कार्य गर्दा सामाजिक दुरी (३ मिटर) कायम गरौं।"**

## पालिकास्तरीय कोभिड-१९ सम्बन्धी संयन्त्र

नेपाल सरकार मन्त्रिपरिषद्ले मुलुकभर कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारलगायतका कार्यहरू प्रभावकारी ढङ्गले व्यवस्थित र समन्वयात्मक रुपमा सम्पादन गर्नका लागि गरेको निर्देशनानुसार देहायको संयन्त्रको गठन यस गाउँपालिकामा गरिएको छ ।

| क्र.स. | पद | नाम | जिम्मेवारी |
|---|---|---|---|
| १ | गा.पा. अध्यक्ष | बालकृष्ण आचार्य | संयोजक |
| २ | गा.पा. उपाध्यक्ष | प्रमिला क्षेत्री | सदस्य |
| ३ | प्र. प्र. अ. | विष्णु घर्ती | सदस्य |
| ४ | कार्यक्रम अधिकृत | नेत्र प्र. खनाल | सदस्य |
| ५ | स्वास्थ्य संयोजक | भविश्वर खनाल | सदस्य |
| ६ | लेखा अधिकृत | खुविराम पन्थी | सदस्य |

## पालिकास्तरीय संयन्त्रको कार्यदिश

क. कोभिड-१९ को रोकथाम, उपचारमा सहयोग, समन्वय, सहजिकरण र अनुगमन गर्ने ।

ख. औषधी, उपकरण तथा स्वास्थ्य सामग्रीलगायत आवश्यक बस्तु वा सेवाको आपूर्तिको व्यवस्था गर्ने ।

ग. आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने ।

घ. पालिकाभित्र विदेश तथा अन्यन्त्रबाट आएका व्यक्तिहरूको विवरण तयार गरी Tracking, Tracing र Monitoring गर्ने र विदेशबाट आएकाहरूलाई अनिवार्य रुपमा क्वारेन्टाइनमा राख्ने ।

ङ. मापदण्ड अनुसारको क्वारेन्टाइनको निर्माण तथा व्यवस्थापन गर्ने ।

च. वडास्तरबाट सूचना संकलन गरी गराई जिल्ला, प्रदेश र केन्द्रमा प्रवाह गर्ने ।

छ. पालिकाभित्र एम्बुलेन्सहरू आवश्यकता अनुसार परिचालन गर्ने ।

ज. आवश्यकता अनुसार स्थानीय स्वयंसेवकहरू परिचालन गरी रोकथाम र नियन्त्रण तथा उपचारमा सहयोग र सहजीकरण गर्ने ।

झ. खाद्यान्नलगायतका अत्यावश्यक सामग्री विक्री बितरण गर्दा मास्क, स्यानिटाइजर, साबुनपानीको प्रयोग तथा सामाजिक दुरी (कम्तिमा ३ मिटर) कायम राख्न लगाउने र राखेको यकिन गर्ने ।

## स्थानीयबासीलाई वितरण गरिएको मास्क

| वडा नं. | संख्या | मिति |
|---|---|---|
| १ | २,७०० | २०७६।१२।०९ देखि २०७६।१२।१९ सम्म वितरण गरिएको |
| २ | २,९०० | |
| ३ | ४,५३७ | |
| ४ | ६,००० | |
| ५ | ५,९०० | |
| ६ | ३,६०० | |
| ७ | २,५०० | |
| ८ | ३,६०० | |
| ९ | ३,६४० | |
| जम्मा | ३५,३७७ | |

## गाउँपालिका क्षेत्रमा उपलब्ध एम्बुलेन्सहरूको विवरण

| सि.नं. | एम्बुलेन्स नं. | चालकको नाम थर | सम्पर्क नं. | ठेगाना | एम्बुलेन्स सञ्चालक |
|---|---|---|---|---|---|
| १ | लु २ च ६६ | मोती बहादुर खनाल | ९८४७१५७५४९ | मालारानी गा.पा.३, खनदह | लुम्बिनी फाउन्डेसन |
| २ | लु १ ज ३६४ | विरेन्द्र राउत | ९८६७२७३३७६ | मालारानी गा.पा.६, हंसपुर | हंसपुर स्वास्थ्य चौकी |

# कोभिड-१९ विशेष साहित्यिक रचनाहरू

### वर र पर

विष्णु घर्ती 'भनभनेली'

अर्को वर्ष नयाँ २०७७ आएर पो के होला ?
नोवेल कोरोनाको लर्कोले कसलाई पो नछोला ?
पर्व भन्दै कसो गरिगरि मच्चिन्थे होला यिनै मान्छे ?
के गर्ने बरै जसरी पनि थच्चिएकै छन् आज उनै मान्छे ।

नविन वर्ष आशाका नौला र सुनौला उत्साह
जानेरै होला गरेनन् खै कसैले कसैलाई कुनै प्रवाह
कहालीलाग्दो भयो वर्ष कस्तो कष्ट कसरी भयो शुरु ?
सन्त्रास बढ्दै जाने हो भने कसले कसलाई मान्ने हो गुरु ?

लकडाउनको लगाम लत्याउनेलाई नछोड
सर्वजनले सम्झिरहने स्वास्थ्यका कुरालाई बोक
जताततै सुन्दा देख्दा सचेत बन्नै पर्छ, जोगिनु नै बेस
कोरोना नियन्त्रणको नियम मिच्ने जो कोहीलाई गराउनु छ होस

यो वर्षलाई पनि यस्तै बेला फेरिनु परेको
हर्ष उल्लास सारालाई विष्मातमा बेरिनु परेको
नबन्नु है कोभिड भाइरसका साथी, जाऊ पर पर
सेलाएपछि भाइरसको संक्रमण, अनि आऊ है वर वर

### मुक्तक

लौन यो कस्तो कालो, दिन हुदैछ ।
पिडा अनि डर त्रास, छिनछिन हुदैछ ।
कोरोना भाईरसले तान्डब, नृत्य देखाउँदा...
लाग्दैछ अब बाँच्न पनि, कठिन हुदैछ ।

\- महेश भुसाल

### मुक्तक

हात धुनुस् बारम्बार, कोरोना लाग्दैन ।
सुरक्षित हुनु भन्छ सरकार, कोरोना लाग्दैन ।।
आफ्नै काममा व्यस्त बनि, एकान्तमा बसि...
बनाउ आफ्नै बलियो आधार, कोरोना लाग्दैन ।।

\- तेजलाल पन्थी

# नोबेल कोरोना भाईरसको संक्रमणबाट बच्ने उपायहरू

- व्यक्तिगत सरसफाईमा उचित ध्यान दिनु पर्दछ ।
- चर्पिको प्रयोग, कुनै वस्तुको प्रयोग र अन्य काम गरेपछि साबुनपानीले २० सेकेन्डसम्म मिचिमिचि हात धुनु पर्दछ र सम्भव भएमा सेनिटाइजरको प्रयोग गर्नु पर्दछ ।
- व्यक्ति व्यक्तिको सम्पर्कबाट सर्ने रोग भएकोले सम्पर्क दुरी कम्तिमा ३ मिटर हुनु पर्दछ ।
- जथाभावी थुक्ने र सिगाँन फ्याक्ने गर्नु हुँदैन ।
- संक्रमित व्यक्तिको थुक र सिगाँनको छिटाबाट भाईरस सर्ने भएको हुँदा खोक्दा वा हाछ्यूँ गर्दा रुमाल वा कुहिनोले नाक र मुख छोप्ने तथा घरबाहिर निस्कदा अनिवार्य रुपमा मास्क लगाउनु पर्दछ ।
- अनावश्यक रुपमा हिडडुल गर्ने, शरीरको सम्पर्कमा ढोगभेट गर्ने, भोजभतेर र पुजाआजाजस्ता सामाजिक कार्यमा भिडभाड गर्ने कदापी गर्नु हुँदैन ।
- बाहिरी मुलुक वा अन्य स्थानबाट आउनु भएका महानुभावहरूले वडा कार्यालय वा पालिका कार्यालयमा अनिवार्य रुपमा सम्पर्क राखु पर्दछ ।
- क्वारेन्टाईनमा बस्नु पर्ने अवस्था आफ्नो र पारिवारको सुरक्षाको लागि भएकोले सहज रुपमा लिनु पर्दछ ।
- अटेर गरी जथाभावी हिडडुल गर्ने, पाहुनाको रुपमा ओहोरदोहोर गर्ने र समाजमा भ्रम फैलाउने व्यक्तिलाई नजिकको प्रहरी कार्यालयमा खबर गर्नु पर्दछ ।
- सरकारले गरेको लकडाउन आफ्नै स्वास्थ्य रक्षाको लागि भएकोले पूर्ण रुपमा पालना गर्नु पर्दछ ।
- संक्रमणबाट वच्न जनचेतनाको लागि सवैले आ आफ्नो निकायबाट सहयोग गर्नु पर्दछ ।
- कुनै प्रकारको स्वास्थ्य समस्या आएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नु पर्दछ ।

**आफु पनि बचौं अरूलाई पनि बचाऔं ।**

# कोभिड-१९ सम्बन्धी थप जिज्ञासा र जानकारीको लागि सम्पर्क नम्बरहरू

## गा.पा. अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षहरू

| नाम | अध्यक्ष | मोबाइल नं. |
|---|---|---|
| वालकृष्ण शर्मा आचार्य | अध्यक्ष | ९८५७०२८४५७ |
| प्रमिला क्षेत्री | उपाध्यक्ष | ९८५७०६९३५७ |
| वालकृष्ण आचार्य | वडा नं १ | ९८५७०६७१३८ |
| विष्णु प्रसाद भुसाल | वडा नं २ | ९८५७०६११८३ |
| शोभाखर खनाल | वडा नं ३ | ९८५७०६३४३४ |
| विष्णु प्रसाद पोखेल | वडा नं ४ | ९७४७०३३४८८ |
| शोभाकर भुसाल | वडा नं ५ | ९८५७०२९०४३ |
| नारायण प्रसाद अर्याल | वडा नं ६ | ९८५७०६३२६४ |
| खड्क प्रसाद भुसाल | वडा नं ७ | ९८५७०६९३५९ |
| नरेन्द्र कुमार बस्नेत | वडा नं ८ | ९८५७०३३७५१ |
| फन बहादुर पुन मगर | वडा नं ९ | ९८४७४१११४७ |

## स्वास्थ्य संस्थाका प्रमुखहरू

| नाम | चौकी | मोबाइल नं. |
|---|---|---|
| मदन आचार्य | मरेङ स्वा.चौकी | ९८४७२२९५८२ |
| माधव खनाल | खनदह स्वा.चौकी | ९८६७११३४९८ |
| जयलाल पन्थी | बाँगी स्वा.चौकी | ९८४४७८८५०९ |
| भविश्वर खनाल | खन स्वा.चौकी | ९८५७०६३५९५ |
| दिपक पौडेल | हंसपुर स्वा.चौकी | ९८४७३८४०९५ |
| हुमकान्त पौडेल | गोखुङ्गा स्वा.चौकी | ९८६७५९८४४८ |
| कृष्ण प्र. खनाल | लामापोखरा सा.स्वा.इ | ९८५७०६४९२६ |
| लक्ष्मी कु. अर्याल | अमिले सा.स्वा.इ. | ९८४७२६०४४९ |
| राजेन्द्र प्र. भुसाल | बामरुक सा.स्वा.इ. | ९८४७३६२८१७ |

## गाउँपालिकाका कर्मचारीहरू

| नाम | पद | मोबाइल नं. |
|---|---|---|
| विष्णु घर्ती | प्र. प्र. अ. | ९८५७०६६४३२ |
| नेत्र प्रसाद खनाल | सूचना अधिकारी | ९८५७०६१४७२ |
| भविश्वर खनाल | स्वा. प्रमुख | ९८५७०६६७९५ |
| खुविराम पन्थी | लेखा अधिकृत | ९८४७२२६४६१ |
| सुजन ज्ञवाली | सूचना प्र. अ. | ९८४९१५८५५५ |

## गाउँपालिका क्षेत्रका सुरक्षाकर्मीहरू

| नाम र पद | कार्यालय | मोबाइल नं. |
|---|---|---|
| मदन ठाकुर, प्र. नि. | इ.प्र.का. खन | ९८५७०९०९०६ |
| गोपाल चन्द, प्र.स.नि. | प्र.चौ. हंसपुर | ९८४७९२२५३८ |
| गिताराम भुसाल, प्र.ना.नि. | प्र.चौ. अर्घातोष | ९८५७०९००७१ |

## वडा सचिवहरू

| नाम | सचिव | मोबाइल नं. |
|---|---|---|
| नारायण न्यौपाने | वडा नं १ | ९८६०५९२९०९ |
| डिलाराम खनाल | वडा नं २ | ९८४७०७१११८ |
| कमल ब. चौहान | वडा नं ३ | ९८५७०६३१२० |
| चुडामणि पोखेल | वडा नं ४ | ९८४७१८२९११ |
| दिलिप आचार्य | वडा नं ५ | ९८४७४७६३०८ |
| कपिल पौडेल | वडा नं ६ र ८ | ९८४१६०८०४७ |
| सपना आचार्य | वडा नं ७ | ९८६७३३०९९२ |
| बालाराम रायमाझी | वडा नं ९ | ९८५७०६९२१५ |

**"सबै जना आफ्नो घरभित्र बसौं, घरायसी कामधन्दाहरू गरौं र अत्यावश्यक कामबाहेक घर बाहिर ननिस्कौं ।"**

**"कोरोनाको काल, पर्ने भो अनिकाल, सबै मिलेर ल्याउँनुछ सहकाल ।"**

# कोभिड-१९ को व्यवस्थापनका सन्दर्भमा गरिएका विभिन्न क्रियाकलापहरू



खनदह बजार क्षेत्रमा किटनाशक औषधी छर्दै




क्वारेन्टाइनमा गरिएका कार्यक्रमहरूको शुरुवात




स्वास्थ्य संस्थाहरूमा सहायता कक्षको व्यवस्था



मजदुरहरूलाई राहत सामग्री वितरणको शुरुवात



उपभोक्ता हितका लागि बजार अनुगमन गरिदै




सुनौली नाकाबाट मालारानीबासीहरूलाई ल्याउँदै



कोरोना महामारी कोषमा रकम ग्रहण गर्दै



PCR परीक्षणको लागि स्वाब संकलन गरिदै